विजय विकास स्रोत केन्द्रको प्रकाशन

# विजयध्वनि

(VIJAYA DHOWNI-Journal Published by VDRC-Nepal)

वर्ष १५ अङ्क २ पूर्णाङ्क २९ पौष २०७१

संरक्षक
वसन्तराज लम्साल
अध्यक्ष
विजय विकास स्रोत केन्द्र

सल्लाहकार
इन्द्रराज ज्योति पौडेल

प्रधान सम्पादक
गोविन्दराज विनोदी

सम्पादक
खेमराज सापकोटा

सह-सम्पादक
श्याम ज्ञवाली

कम्प्युटर
लक्ष्मी अधिकारी

प्रकाशक
विजय विकास स्रोत केन्द्र
गैंडाकोट-८, नवलपरासी
फोन:०५६-५०११७२,
५०११००, ५०१४०२
फ्याक्स: ०५६-५०१४०१
E-mail: vdrc@vdrc.org.np
Website: www.vdrc.org.np

यस भित्र ...

संस्थागत गतिविधि ...
तेस्रो पक्षीय अनुगमन ...
ग्रामिण नमुना कृषकको ...
सञ्चार ...
साक्षरता कार्यक्रम ...
म त बल्ल पो असल शिक्षक ...
विजय परिवार ...

सम्पादकीय...

## समयसीमा भित्र संविधान दिनुहोस् !

संविधान निर्माणका निमित्त दोस्रोपटक संविधान सभाको निर्वाचन भयो । संविधान सभाले अझसम्म पनि संविधान निर्माणका निमित्त मूलभूत मुद्दाहरूमा ठोस निर्णय गर्न सकिरहेको छैन । माघ ८ गते तोकिएको समयसीमा समाप्त हुन धेरै दिन बाँकी छैनन् । राजनीतिक दलहरू सहमति-सहमति भनिरहेका छन् र सहमतिको विन्दु भेट्न सकिरहेका छैनन् । सहमतिका लागि गरिएका उच्च निकाय र संकायका बैठकहरू निरर्थक भइरहेछन् । मुलुकका लागि यो बिडम्वना नै भएको छ ।

मुलुकमा संविधान निर्माण कार्यमा जति-जति ढिलाई हुँदैछ उति नै नयाँ-नयाँ समस्या थपिँदै गएका छन् । सङ्घीयताका मुद्दासँगसँगै जातीय राज्यका कुरा पनि उठेका छन् । एउटा नेपालीले अर्को नेपालीलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक नहुने हो कि भन्ने चिन्ता बढ्दो छ । राजनीतिक दलहरूमा सहिष्णुता, सद्भाव, धैर्य, स्वार्थहीनता जस्ता गुणहरूको अभाव खड्किँदै गएको छ । अहङ्कार र हठवादिताले प्रोत्साहन पाइरहेको छ । जनतालाई सही बाटो देखाउन राजनीतिक दलहरू असमर्थ भइरहेछन् । संविधान सभा कथित ठूला राजनीतिक दलहरूको कठपुतली बन्न पुगेको गुनासो यत्रतत्र पाइन्छ । संविधानसभासदहरू माथि अकर्मण्यताको दोष वा कलङ्क लाग्न थालेको छ । दुई-दुई पटकसम्म पनि निर्वाचित संसद्ले संविधान निर्माण गर्न नसक्नु लाजमर्दो कुरा हुनपुगेको छ ।

जनताले खबरदारी गर्न थालका छन् । संविधान निर्माणका लागि जिम्मेवार व्यवस्थापिका संसद्का सदस्यहरू, मन्त्रिपरिषद्, ठूला राजनीतिक दलहरू, सरोकारवाला व्यक्तिहरू सबैलाई निर्धारित समयमा जनतालाई नयाँ नेपालको जनमुखी संविधान दिन सम्पूर्ण जनताको आग्रह छ । अहिले पनि तपाईंहरूले संविधान दिनु भएन भने कुन मुखले जनतासमक्ष आउनु हुन्छ ? यो प्रश्न सबैको हो, सबै देशबासीको हो । राजनीतिक दलहरू साँच्चै संविधान बनाउन चाहनु हुन्छ भने आ-आफ्ना हठ छाड्नुहोस् । जनताको सर्वोपरि हित सोच्नुहोस् । नमिलेका कुरा पछि मिलाउने गरी भए पनि समयसीमाभित्र जनतालाई संविधान दिनुहोस् र जनताको मनमा प्रवेश गरी सत्तामा पुग्नुहोस् वा सत्तामा साझेदारी गर्नुहोस् । जनताको विश्वासमाथि कृपया खेलवाड नगर्नुहोस् ।

⌘ ⌘

Scanned with CamScanner

# संस्थागत गतिविधि

## शुभकामना आदान-प्रदान

विजयादशमी २०७१ को सुखद अवसरमा विजय विकास स्रोत केन्द्रले विजय परिवारका सबै संस्थाका पदाधिकारी बीच शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. (विजय सामुदायिक उच्च माध्यमिक शिक्षा सदन), विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि (विजय एफ.एम.१०१.६). विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय लघु वित्त वित्तीय संस्था र विजय विकास स्रोत केन्द्रका पदाधिकारी एवम् कार्यालय प्रमुखहरूको उपस्थिति रहेको थियो । उक्त अवसरमा विजय विकास स्रोत केन्द्रका कार्यकारी निर्देशक श्री खेमराज सापकोटा, विकू बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री हरिलाल सापकोटा, विजय सामुदायिक शिक्षा सहकारी संस्थाका अध्यक्ष श्री गोपीनाथ खरेल, विजय सामुदायिक सूचना तथा सञ्चार सहकारीका सचिव श्री भूमिराज चापागाई र विजय लघु वित्त वित्तीय संस्थाका महाप्रबन्धक श्री नारायण सापकोटाले संस्थाले सञ्चालन गरेका कार्यक्रमहरूबारे जानकारी गराउनु भएको थियो । विजय विकास स्रोत केन्द्रका अध्यक्ष श्री वसन्तराज लम्सालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उपस्थित सम्पूर्णले एक आपसमा शुभ-कामना आदान-प्रदानका साथै विजय परिवार (Vijaya Group of Institutions) को अवधारणालाई अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

## हाजिरीजवाफ प्रतियोगिता :

विजय विकास स्रोत केन्द्र अन्तर्गत गठित विजय युवा समूहको आयोजनामा गैंडाकोट नगरपालिकामा रहेका उच्च मा.वि.हरू बीच २०७१ भाद्र २८ गते हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको थियो । ७ वटा उच्च मा.वि.हरूको सहभागिता रहेको कार्यक्रममा कालिका उच्च मा.वि.प्रथम स्थान, अमर इङ्गलिस उच्च मा.वि. द्वितीय र जनक उच्च मा.वि.ले तृतीय स्थान हासिल गरेका थिए ।

## अन्तर संस्था भलिबल प्रतियोगिता :

विजय विकास स्रोत केन्द्रको आयोजनामा गैंडाकोटभित्र रहेका संस्थाहरू बीच अन्तर संस्था भलिबल प्रतियोगिता विजय सामुदायिक शिक्षा सदन परिसरमा २०७१ आश्विन १२ देखि १५ गतेसम्म सञ्चालन भएको थियो । गैंडाकोट नगरपालिकाका ९ वटा संघ-संस्थाहरूले भाग लिएको उक्त प्रतियोगितामा सहयात्री नेपाल प्रथम भएको थियो भने द्वितीय स्थान सामुदायिक सेवा केन्द्र गैंडाकोटले हात पारेको थियो । विजय विकास स्रोत केन्द्रले युवाहरूलाई खेलकुदमा प्रोत्साहन गर्नका लागि विभिन्न समयमा खेलकुद कार्यक्रम सञ्चालन र सोसँग सम्बन्धित संघ-संस्थाहरूलाई सहयोग गर्दै आएको छ ।

## देउसी भैलो कार्यक्रम :



विजय परिवारका आयोजनामा २०७१ सालको शुभ दीपावलीको पावन असरमा "देउसी भैलो खेलेर रमाऔं, हाम्रो संस्कृति जोगाऔं" भन्ने नाराका साथ देउसी भैलो कार्यक्रम यही कार्तिक ६ र ७ गते सम्पन्न गरियो । सो देउसी भैलो कार्यक्रममा विजय परिवार अन्तर्गतका ५ वटा संस्थाहरूका सदस्य, कर्मचारी, पदाधिकारीहरू र शुभचिन्तकहरूको सहभागिता रहेको थियो । सो कार्यक्रम अमरापुरी चोक, हर्कपुर चोक, भृकुटीचोक र कालिका चोकमा स्थानीय बासिन्दाहरूको उल्लेख्य उपस्थितिमा सञ्चालन गरिएको थियो । विशुद्धरूपमा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा कुनै आर्थिक संकलन गरिएको थिएन ।

## पाठेघर र स्तनको क्यान्सर परीक्षण शिविर सञ्चालन

विजय विकास स्रोत केन्द्र अन्तर्गत विजय महिला समूहको आयोजना तथा वी. पी. कोइराला क्यान्सर अस्पताल भरतपुरको प्राविधिक सहयोगमा महिलाहरूको पाठेघर र स्तनको क्यान्सर परीक्षण शिविर गैंडाकोट नगरपालिका भित्रका विभिन्न १४ वटा वडाहरू सम्पन्न भएको छ । आर्थिक अवस्था कमजोर भएका र स्वास्थ्य संस्थामा सहज पहुँच नभएका महिलाहरुलाई लक्षित गरी महिलाहरूमा हुने पाठेघरको क्यान्सर पत्ता लगाउने प्रारम्भिक परीक्षण भिया (VIA-Visual Inspection with Acetic Acid) र स्तन क्यान्सरको परीक्षण शिविरमा गैंडाकोट नगरपालिका भित्रका ४७३ जना महिलाहरुले लाभ लिई सक्नुभएको छ ।

## छात्रवृत्ति वितरण

विजय विकास स्रोत केन्द्रको आयोजना तथा नेदरल्याण्ड निवासी नेपाली दाजुभाइ (NRN Netherland) को सहयोगमा आर्थिक र सामाजिक कारणले विद्यालय जान नसकेका र विद्यालय गएर पनि विद्यालय छोड्न बाध्य भएका निम्न वर्गका बालबालिकाहरूलाई निरन्तर विद्यालय जानका लागि उत्प्रेरणा जगाउने उद्देश्यले मिति २०७१ मंसीर २६ गते शुक्रवारका दिन महेन्द्र स्मारक नि.मा.वि. गैंडाकोट-२ मा एक समारोहको आयोजना गरी छात्रवृत्ति सामग्री वितरण गरियो । नेपाल राष्टिय शमशेर आदर्श मा.वि. का ७ जना बालबालिका र महेन्द्र स्मारक नि.मा.वि.का २० जना गरी २७ जना विद्यार्थीहरूको लागि रु.१ लाख ५ हजार बरावरको विद्यालय शुल्क तथा शैक्षिक सामग्री वितरण गरिएको थियो । कार्यक्रमको अध्यक्षता विजय विकास स्रोत केन्द्रका उपाध्यक्ष श्री माधवप्रसाद पौडेलले गर्नु भएको थियो भने नवलपरासी



Scanned with CamScanner

जिल्लाका जिल्ला शिक्षा अधिकारी श्री खड्गबहादुर कमालज्यूको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

## सिकाइ र उपलब्धिहरूको प्रसार कार्यशाला

PTF, CARTA परियोजना हेल्भेटास स्वीस इन्टर कोअपरेशनको सहयोगमा विजय विकास स्रोत केन्द्रले विश्व बैंकको सहयोगमा शिक्षा मन्त्रालयद्वारा सञ्चालित इभेन्ट परियोजनाको Component One मा रहेका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूको स्वतन्त्र तेस्रोपक्षीय अनुगमनको सिकाइ र उपलब्धिहरू सरोकारवालाहरूमा प्रसारको कार्यशाला काठमाण्डौमा सम्पन्न भएको छ । २०७१ पुष ११ गते राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्दराज पोखेल प्रमुख अतिथि साथै शिक्षा मन्त्रालय/इभेन्ट परियोजना, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, विश्व बैंक, हेल्भेटास स्विस इन्टर कोअपरेशन र विजय विकास स्रोत केन्द्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यस परियोजनाका तेस्रोपक्षीय अनुगमनका सिकाइहरूलाई सरकारी तथा गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने परियोजनाहरूमा समावेश गर्ने र राष्ट्रिय योजना आयोगका नीति तथा कार्यक्रमहरूमा पनि स्वतन्त्र तेस्रो पक्षीय अनुगमनलाई समावेश गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो ।

## प्रथम गैंडाकोट महोत्सवमा सहभागिता :

विजय विकास स्रोत केन्द्र लगायत विजय परिवार अन्तर्गतका अन्य संस्थाहरूले संस्थाका सूचनाहरूलाई प्रचार-प्रसार गर्नका लागि संयुक्त रूपमा स्टल स्थापना गरिएको थियो । विजय परिवार अन्तर्गतका संस्थाहरुको ब्रोसर, बुलेटिन, प्रतिवेदनहरूको साथसाथै संस्थाको लोगो अंकित सामग्रीहरूको बिक्री वितरण तथा प्रदर्शन पनि गरिएको थियो ।

## साधारण सभा सम्पन्न

### विजय विकास स्रोत केन्द्र

विजय विकास स्रोत केन्द्रको २९ औं साधारण सभा संस्थाका अध्यक्ष श्री वसन्तराज लम्सालको अध्यक्षतामा गत आश्विन २० गते संस्थाको सभाहलमा सम्पन्न भएको छ । संस्थाका सचिव श्री तुलसी पौडेलले प्रस्तुत गर्नु भएको आ.व.२०७०/०७१ को वार्षिक प्रतिवेदन तथा आ.व.२०७१/०७२ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गरिएको थियो । यसै गरी कोषाध्यक्ष श्री लक्ष्मी कँडेल (गौतम) ले प्रस्तुत गर्नु भएको आ.व.२०७०/०७१ को आर्थिक प्रतिवेदन तथा २०७१/०७२ को प्रस्तावित बजेट माथि समेत छलफल गरी पारित गरिएको थियो ।

### विकू बचत तथा ऋण सहकारी संस्था लि.

यस संस्थाद्वारा प्रवर्द्धित देशकै सर्वोत्कृष्ट बचत तथा ऋण सहकारी संस्था विकू बचत तथा ऋण सहकारी संस्थाको २५ औं साधारण सभा संस्थाका अध्यक्ष श्री हरिलाल सापकोटाको अध्यक्षतामा गत मंसिर १३ गते नेपाल सरकारका अर्थमन्त्री श्री रामशरण महतको प्रमुख आतिथ्यतामा विजय सामुदायिक शिक्षा सदनको प्राङ्गणमा सम्पन्न भएको थियो । संस्थाका सचिव श्री बीरभद्र सापकोटाले प्रस्तुत गर्नु भएको आ.व.२०७०/०७१ को वार्षिक प्रतिवेदन तथा आ.व.२०७१/०७२ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गरिएको थियो । यसै गरी कोषाध्यक्ष श्री कालिदास गौडेलले प्रस्तुत गर्नु भएको आ.व.२०७०/०७१ को आर्थिक प्रतिवेदन तथा २०७१/०७२ को प्रस्तावित बजेट माथि समेत छलफल गरी पारित गरिएको थियो ।

### विजय सामुदायिक शिक्षा सहकारी संस्था लि.

विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. तथा विजय सामुदायिक शिक्षा सदनको चौधौं साधारण सभा तथा पाँचौ अधिवेशन गत कात्तिक १२ गते संस्थाका अध्यक्ष श्री गोपिनाथ खरेलको अध्यक्षतामा संस्थाको प्राङ्गणमा सम्पन्न भएको थियो । साधारण सभामा संस्थाका सचिव श्री टिकाराम कँडेलले वार्षिक प्रगति प्रतिवेदन आ.व.२०७१/०७२ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गरिएको थियो । यसै गरी कोषाध्यक्ष श्री हरिलाल सापकोटाले आ.व.२०७०/०७१ को आर्थिक प्रतिवेदन तथा २०७१/०७२ को प्रस्तावित बजेट माथि समेत छलफल गरी पारित गरिएको थियो । साथै संस्थाको पाँचौ अधिवेशनले श्री माधवप्रसाद पौडेलको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति तथा श्री नारायण सापकोटाको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति सर्वसम्मतिमा चयन गरेको थियो ।

### विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.

विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.ले सञ्चालन गरेको सामुदायिक रेडियो विजय एफ.एम.१०१.६ को १४ औं साधारण सभा गत कार्तिक १५ गते संस्थाका अध्यक्ष श्री इन्द्रराज ज्योति पौडेलको अध्यक्षतामा विजय विकास स्रोत केन्द्रको परिसरमा सम्पन्न भएको छ । संस्थाका सचिव श्री भूमिराज चापागाईले प्रस्तुत गर्नु भएको वार्षिक प्रगति प्रतिवेदन आ.व.२०७१/०७२ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गरिएको थियो । यसै गरी कोषाध्यक्ष श्री गोविन्द कँडेलले प्रस्तुत गर्नु भएको आ.व.२०७०/०७१ को आर्थिक प्रतिवेदन तथा २०७१/०७२ को प्रस्तावित बजेट माथि समेत छलफल गरी पारित गरिएको थियो ।

### विजय लघु वित्त वित्तीय संस्था लि.

विजय लघु वित्त वित्तीय संस्थाको दोस्रो साधारण सभा संस्थाका अध्यक्ष श्री सरोजकाजी तुलाधरको अध्यक्षतामा यही पौष ४ गते होटल रेडकार्पेट नारायणगढमा सम्पन्न भएको थियो । आर्थिक तथा प्रगति प्रतिवेदन संस्थाका अध्यक्ष सरोजकाजी तुलाधरले प्रस्तुत गर्नु भएको थियो ।

⌘ ⌘

पुरानो कोट लगाऊ, नयाँ किताब किन ।
-थोरो



Scanned with CamScanner

# अनुगमन प्रणालीमा तेस्रो पक्षीय अनुगमन एक परिचय



इन्द्रराज ज्योति पौडेल
संयोजक, सल्लाहकार समिति

अनुगमन 'अनु' उपसर्ग लागेको 'गमन' शब्द मिलेर बनेको शब्द हो । यसको अर्थ पछि लाग्नु भन्ने हुन्छ । बृहद नेपाली शब्द कोषका अनुसार "कसैका पछि-पछि लाग्ने, कुनै मतका मार्गमा हिँड्ने, कुनै पद्धतिको अनुसरण गर्ने, कसैका नजिकमा जाने वा कसैको सहयोगी हुने काम" भनेर यसलाई परिभाषित गरिएको छ । अनुगमनहरू विभिन्न प्रकारका हुन्छन् । परम्परागत अनुगमन, सहभागितामूलक अनुगमन, स्व:अनुगमनका साथै तेस्रो पक्ष अनुगमन आदि । हामीले यहाँ मूलत: स्वतन्त्र रूपमा गरिने तेस्रो पक्ष अनुगमनको बारेमा छलफल गर्न गई रहेकाछौं ।

परियोजना, आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने पक्ष र दातृ निकाय दुवैको संलग्न नरहिकन छुट्टै स्वतन्त्र निकायबाट तालिम तथा कार्यक्रम कार्यान्वयनका क्रममा कामको प्रक्रियालाई निगरानी गर्ने प्रणालीलाई तेस्रो पक्षबाट गरिने अनुगमन प्रणाली भनिन्छ । यस अनुगमन प्रणालीमा कार्यक्रमको जवाफदेहिताका साथसाथै गुणस्तरीयता र प्रतिफलको अवस्थालाई बढी जोड दिएर हेरिन्छ । परियोजना सञ्चालन, व्यवस्थापन अथवा परियोजनाबाट प्रत्यक्ष लाभान्वित र संलग्न हुने निकाय बाहेक बाहिरी पक्षबाट गरिएको अनुगमन तेस्रो पक्ष अनुगमन हो । यसमा कार्यक्रम कार्यान्वयन, कार्य सम्पादनमा स्वतन्त्र तरिकाले प्रमाणहरूमा आधारित सूचनाहरू सङ्कलन गरिन्छ । यसमा संलग्न हुन सक्ने निकायहरूमा समुदायमा आधारित संघ संस्था, स्रोत संस्थाहरू, सञ्चार गृह र नीजि संस्थाहरू रहन सक्छन् । तेस्रो पक्ष अनुगमनमा सामाजिक जवाफदेहिता र सहभागितामूलक ग्रामीण लेखा जोखाका विभिन्न औजारहरूलाई प्रयोग गरेर गर्न सकिन्छ । यो नितान्त समुदायमा आधारित अनुगमन हो । जसमा "Sleeping on our own mats" कहाँ सुत्ने भन्दा आफ्नै विस्तारामा भने जस्तै हो । अर्थात् समुदायले आफ्नो लागि गरिएको विकास वा परिवर्तनको महसुस गर्दछन् र आफ्नो इच्छा/चाहना अनुसारको कार्यक्रमको ढाँचा तयार गरेर आवश्यक अनुगमनको सीप तयार गरी कार्यक्रमलाई जवाफदेही बनाउन सहयोग पुऱ्याउछन् । यसले अरुले बाहिरबाट गरिएको कार्यक्रमभन्दा पनि आफ्ना लागि गरिएको आफ्नै कार्यक्रम हो भन्ने किसिमको अपनत्वको भावना सिर्जना हुन्छ । तेस्रो पक्ष अनुगमन पनि २ किसिमले गर्ने गरेको पाइन्छ । पहिलो सम्बन्धित पक्षले अन्य कुनै व्यक्ति/निकायलाई शुल्क तिरेर गर्न लगाउने गर्दछन् । यसमा कार्यान्वयनकर्ता र दातृ निकाय दुवैको संलग्नता रहँदैन । यसका अलावा दातृ निकाय वा कार्यान्वयनकर्ता कसैको पनि प्रत्यक्ष प्रभाव नपर्ने गरी स्वतन्त्र रूपमा अन्य निकायले गर्ने अनुगमन तेस्रो पक्ष अनुगमन हो । त्यसैले तेस्रो पक्ष अनुगमन पनि २ प्रकारका हुन्छन् भन्न सकिन्छ । हामीले यहाँ उल्लेख गरेको अनुगमन स्वतन्त्र तेस्रो पक्ष अनुगमन हो । मूलत: यसमा समुदायलाई सशक्तीकरण र कार्यक्रमको अनुगमन दुवै गर्ने गरिन्छ । समुदायलाई सशक्तीकरण गरेपछि उनीहरूले नै सबै कुरा थाहा पाउँछन् र आफ्नो अधिकारको दावा गर्न सक्छन् । सूचनाको खोजी गर्न सक्छन् । यसरी हेर्दा तेस्रो पक्षीय अनुगमन सूचना मार्फत जनताको सशक्तीकरण गर्नु पनि हो । किनभने यसमा संख्यात्मक मात्र नभएर गुणात्मक पक्षहरूको पनि जानकारी लिइन्छ, अध्ययन गरिन्छ र अवलोकन गरिन्छ । यो समुदाय र कार्यक्रम सञ्चालन गर्ने निकाय बीच कुराकानी, संवाद र छलफलको वातावरण सिर्जना गर्ने पुल हो । यसले दुवै पक्ष बीच छलफल र संवाद गर्ने प्रक्रियाको थालनी गर्दछ । स्वतन्त्र तेस्रो पक्ष अनुगमन खोजमूलक पत्रकारिता जस्तो पनि हो । Standard Monitoring र TPM मा विशेष फरक के छ भने Standard Monitoring सामान्य अवस्थामा प्रयोग गर्न सकिन्छ भने TPM विशेष अवस्था जस्तै: द्वन्द्वको अवस्था, भ्रष्टाचार भएको आशंका, संक्रमणकाल र अन्य कठिन अवस्थामा पनि यसलाई प्रयोगमा ल्याउन सम्भव छ । किन भने यो अनुगमन प्रक्रिया स्थानीय निकाय समुदाय र समुदायमा आधारित संघ संस्थाको माध्यमबाट पनि गर्न सकिन्छ ।

## तेस्रो पक्षबाट अनुगमनका उद्देश्यहरू:

सामान्यतया अनुगमनको उद्देश्य भनेको कार्यक्रम के-कसरी अगाडि बढिरहेको छ भन्ने बारेमा भौतिक रूपमा उपस्थित भई अवलोकन गर्नु, अवस्था विश्लेषण गर्नुका साथै लक्ष्य र उद्देश्य अनुसार समयमा सम्पन्न गर्न गुणस्तर कायम गर्न र कार्यान्वयन पक्षका साथै सम्बन्धित निकायलाई आवश्यक पृष्ठपोषण प्रदान गरी सुधार ल्याउनु हो । तेस्रो पक्ष अनुगमनले त्यसका साथसाथै स्वतन्त्र रूपमा पूर्वाग्रहरहित के-कस्तो Inputs दिनु पर्छ, कस्ता उपलब्धिहरू हासिल भएका छन् र त्यसमा सम्बन्धित पक्ष र समुदायका के-कस्ता विचारहरू छन् भनेर बाहिर ल्याउन सहयोग पुऱ्याउँछ । यसले सफल/असफल घटनाहरू सङ्कलन गरी घटना अध्ययन (Case Study) को रूपमा सबैले अध्ययन गर्ने गरी तथ्य कुराहरू बाहिर ल्याउने काम पनि गर्दछ । भए गरेका कार्यहरूलाई प्रमाणीकरण (Verification) गर्नु पनि हो । यसका साथै परियोजना वा कार्यक्रमको कार्य सम्पादनप्रति स्वतन्त्र टिप्पणी वा दृष्टिकोण प्राप्त गर्नु, प्रमाणहरू सङ्कलन गर्नु र सूचनाहरू प्रमाणित गर्नु पनि हो ।

## तेस्रो पक्षबाट अनुगमन विशेषताहरू

तेस्रो पक्ष अनुगमन प्रणाली केही समय अगाडिदेखि सुरुवात गरिएको छ । यो अनुगमन गैसस, विषयगत विज्ञहरू, शैक्षिक वा अनुशन्धानका संस्थाहरू, मिडिया वा स्वतन्त्र परामर्शदाता व्यक्ति



Scanned with CamScanner

वा निकायबाट दुई प्रकारले गर्ने गरिएको छ । जसमा दातृ निकायले अर्को कुनै विज्ञलाई निश्चित कामको अनुगमनका लागि शुल्क तिरेर कार्य विवरणसहित अनुगमन गर्न लगाउने र दोस्रोमा दातृ निकाय र कार्यान्वयन पक्षको कुनै पनि संलग्नता र आर्थिक सहयोग नरहिकन स्वतन्त्र रूपबाट विषयगत विज्ञ वा निकायले अनुगमन गर्ने गर्दछन् । हामीले यहाँ स्वतन्त्र रूपमा गरिने तेस्रो पक्ष अनुगमनको कुरा गरिरहेका छौं । यस प्रणालीमा दातृ निकाय र कार्यान्वयन गर्ने पक्ष/निकाय संलग्न नरहिकन तेस्रो पक्ष/निकायबाट कार्यक्रम तथा तालिमको अनुगमन गरिने भएको हुँदा यसका विभिन्न किसिमका विशेषताहरू रहेका छन् जुन निम्नानुसार छन् :

» समुदायको अपनत्वको अभिवृद्धि, व्यवस्थापन र नियन्त्रणमा कार्यक्रमको जवाफदेहितालाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

» स्वतन्त्र रूपले अनुगमन गर्दा यथार्थ र वस्तुपरक रूपमा गरिने भएकाले कार्यक्रममा दिगोपना आउँछ ।

» समुदायले गर्ने अनुगमनमा समुदायले नै आफूलाई उपयुक्त हुने मापनका औजारहरूको विकास गर्ने सीपको विकास हुन सक्ने भएकोले समुदायले यो अनुगमनको कामलाई निरन्तरता दिन सक्छन् ।

» कार्यक्रममा जनसहभागितामा वृद्धि भई व्यापकता पाउँछ ।

» नागरिकको पृष्ठपोषणले रियोजनालाई जनता प्रति उत्तरदायी समावेशी र सहभागितामूलक बनाउन सहयोग मिल्दछ ।

» यसमा कार्यक्रमको दातृनिकाय तथा कार्यान्वयन गर्ने दुवै निकायको संलग्नता रहदैन ।

» तेस्रो पक्ष कार्यक्रमको कार्यान्वयन गर्ने निकायको निश्चित दूरिमा रही कामको अनुगमन/अवलोकनमा मात्र सीमित रहन्छ ।

» तेस्रो पक्षले कार्यक्रमको बढोन्नतिको लागि कार्यान्वयन गर्ने पक्षलाई रचनात्मक हिसाबले सहयोग गर्दछ ।

» तेस्रो पक्षले कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले गरेको काममा समुदाय अथवा लक्षित वर्गप्रतिको जवाफदेहितालाई जोड दिएको हुन्छ ।

» तेस्रो पक्ष सदैव कार्यान्वयन पक्ष तथा दातृ निकायहरूप्रति समन्वयकारी भूमिका निर्वाह गर्दछ ।

» कहिलेकाही कार्यक्रमको गुणस्तरसँग सम्बन्धित पक्षलाई पनि कार्यान्वयन पक्षले के कुरामा निगरानी हुँदैछ भन्ने कुराको जानकारी नदिइकन जाँच गरिएको हुन्छ ।

» कार्यक्रम/तालिम अथवा जुनसुकै कामको योजना र त्यसको कार्यान्वयनको क्रमबद्धता भए नभएको कुरालाई जोड दिइन्छ ।

## तेस्रो पक्ष अनुगमनमा के-कसरी गर्न सकिन्छ भन्ने कुरा तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

| अनुगमनका क्षेत्र | विधि |
|---|---|
| कार्यक्रमले लक्षित गरेको लाभान्वित समुदायसम्म कार्यक्रम पुग्यो वा पुगेन । | प्रगति प्रतिवेदनमा पुनरावलोकन, फोनबाट सम्बन्धित व्यक्ति वा निकायसँग सिधा सर्वेक्षण गरी प्रमाणीकरण, समुदायको नियमित अनुगमन, सामाजिक परीक्षण र लैङ्गिक परीक्षणको माध्यमबाट, स्थलगत अवलोकन |
| लाभान्वित वर्गको सन्तुष्टी | लाभान्वितहरूको सन्तुष्टि सर्वेक्षण, लक्षित समूह छलफल, सन्तुष्टि अङ्क तालिकाबाट सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण |
| लाभान्वित वर्गको विचार/राय सुझाव लिने | लक्षित समूह छलफल, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण |
| सेवामा गुणस्तरको अनुगमन | नागरिक प्रतिवेदन पत्रबाट सर्वेक्षण, नागरिक बहिर्गमन पत्र (Exit Poll), समूह छलफल, सार्वजनिक सुनुवाई, प्रत्यक्ष अवलोकन र मापन |

## तेस्रो पक्ष अनुगमनका प्रभावहरू:

१. नागरिकहरूमा अनुगमनको क्षमता अभिवृद्धि सँगसँगै भए गरेका अनियमिततालाई नियन्त्रणमा आत्मविश्वास सिर्जना गर्न सक्छ र भविश्यका लागि सो कार्यको अपनाइने क्रियाकलापमा कार्य योजनातयार गरी कार्यान्वयन गर्न सक्ने क्षमताको अभिवृद्धि गर्दछ।

२. सामाजिक जवाफदेहिताका लागि प्रयोग गरिने विभिन्न औजारहरूको जस्तै सर्वेक्षण, नागरिक प्रतिवेदन, सामाजिक परीक्षण आदिको प्रयोग गरी यी औजारमध्ये उपयुक्त औजारको छनौट गर्न सक्ने क्षमता साथै प्रभावकारीता प्रमाणित गर्न सकिन्छ ।

३. स्थानीय तहमा अनुगमनका विभिन्न संरचनाहरू तयार हुन्छन्, जस्तै अनुगमन समिति तथा ध्वतअज समूहहरू ।

४. अनुगमनका लागि सहयोगी सञ्जालहरूको निर्माण भई सो कार्यमा स्थानीय स्तरमा निरन्तर काम गर्ने प्रेरणा सिर्जना गर्न सहयोग मिल्दछ ।

५. स्थानीय स्तरमै अनुगमनमा बलियो नेतृत्व तयार हुन्छ । जसले भविश्यका लागि उस्तै प्रकृतिका क्रियाकलापको लागि सहजीकरण गर्न सक्छन् ।

६. सार्वजनिक क्रियाकलापहरूमा रचनात्मक सहभागिता अभिवृद्धि गर्न सहयोग मिल्दछ ।

७. स्थानीय संरचनाहरूको पनि कार्यक्रमहरूमा आर्थिक साथसाथै सामाजिक योगदान गर्ने वातावरण सिर्जना गर्न महत्वपूर्ण सहयोग गर्दछ ।

## सामाजिक जवाफदेहिता र तेस्रो पक्ष अनुगमन:

सामाजिक जवाफदेहिताले सेवाप्रदायक संस्था वा निकायले आफ्ना क्रियाकलापहरू तथा आफूले गरेका निर्णयहरू उपर सेवाग्राहीप्रति जिम्मेवारी स्वीकार गर्ने, दायित्व वा इच्छा शक्ति जगाउने काम गर्दछ । सेवाप्रदायक भन्नाले राज्य, नीजि क्षेत्र, नागरिक समाज, पत्रकार जो कोही पनि हुन सक्छ ।

बाँकी पेज नं. ७ मा



Scanned with CamScanner

# ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्धि कार्यक्रम



विष्णुप्रसाद शर्मा
तालिम अधिकृत

सुआहारा कार्यक्रमले एक हजार (१०००) दिनका आमा (गर्भवती, सत्केरी र दुई वर्ष मुनिका बच्चा भएका महिलाहरू) र बच्चाहरूको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय कार्यक्रम कार्यान्वयन गरिरहेको छ । घरायसी खाद्यान्न उत्पादन (HFP) ले महिला र बच्चाको लागि पोषणयुक्त खानेकुरा (हरिया साग-सब्जी, तरकारी, अण्डा र मासु) को पहुँच र उपलब्धतामा वृद्धि गराउँछ । सुआहारा कार्यक्रम सञ्चालित २५ वटा जिल्लाहरू मध्ये खाद्य सुरक्षाको आधारमा खाद्य असुरक्षित १४ वटा जिल्लाहरूको सबै गाविस समेटेर घरायसी खाद्यान्न उत्पादन कार्यक्रम सघन रूपले सञ्चालन भइरहेको छ । साथै बाँकी रहेका ११ वटै जिल्लाहरूमा विपन्नता/वञ्चितिमा नक्साङ्कनको आधारमा २५ प्रतिशत गाविसहरूमा सञ्चालन भइरहेको छ ।

सुआहारा कार्यक्रममा घरायसी खाद्यान्न उत्पादनको प्रवर्द्धन गर्न ग्रामीण नमुना फारम विकासको अवधारणा अगाडि सारिएको छ । ग्रामीण नमुना बगैंचा फारम घरायसी खाद्यान्न उत्पादन सम्वन्धी प्रविधि (Technology) प्रदर्शन गर्ने स्रोत केन्द्र हो । यसले समुदायका सदस्यहरूलाई बीउ, बेर्ना, चल्ला, कुखुरा, तरकारी तथा अन्य कृषिजन्य उत्पादनका लागि आवश्यक सामग्रीहरूको पहुँचमा वृद्धि गराउन पनि सहयोग पुऱ्याउँछ यसको अलवा उक्त स्रोत केन्द्र स्थापना गर्ने नमुना कृषकले समुदायका सदस्यहरूलाई अभिप्रेरित गर्नुका साथै आवश्यक प्राविधिक सर सल्लाह र ज्ञान पनि प्रदान गर्छन् । त्यसैले दीगो घरायसी उत्पादनको लागि ग्रामीण नमुना फार्म अवधारणालाई एक महत्वपूर्ण रणनीतिको रूपमा लिएको छ । यिनै ग्रामीण नमुना कृषक को क्षमता विकासका लागि विजय विकास स्रोत केन्द्रले हेलेन केलर ईन्टरनेशनलको साझेदारी घरायसी खाद्यान्न उत्पादन कार्यक्रम लागु भएका सबै २५ वटै जिल्लाहरूमा ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

## भाद्र २०७१ देखि मंसिरमसान्त २०७१ सम्ममा सञ्चालित क्रियाकलापहरू :

### *क) प्राविधिक प्रशिक्षण तथा समीक्षा वैठक*

ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्धि तालिममा परिचालित प्रशिक्षकहरूको लागि घरायसी खाद्यान्न उत्पादन (HFP) को प्राविधिक पक्षहरूको वारेमा जानकारी दिने उद्देश्यले यही कात्तिक २७ देखि ३० सम्म ३ दिने प्रशिक्षक प्रशिक्षण तथा हालसम्म सम्पन्न क्रियाकलापहरूको वारेमा १ दिने समीक्षा वैठक विजय विकास स्रोत केन्द्रमा सम्पन्न भयो । तालिममा हेलेन केलर इन्टरनेशनलका, क्षेत्रीय कृषि संयोजक अर्जुन श्रेष्ठ तथा जिल्ला कृषि अधिकृत भूमिप्रसाद काफ्लेले प्राविधिक विषयमा सहजिकरण गर्नुभएको थियो भने तालिम तथा समीक्षामा ३० जना प्रशिक्षकहरूको सहभागिता रहेको थियो ।

### *ख) तालिम सहजकर्ता निर्देशिका तयार*

ग्रामीण नमुना कृषको क्षमता अभिवृद्धि तालिमको लागि प्रावधिक पक्षहरूसमेत समेटी विजय विकास स्रोत केन्द्रले पुरानो २० जिल्लाका लागि र नयाँ थप ५ जिल्लाका लागि छुट्टा-छुट्टै २ वटा तालिम निर्देशिका तयार पारेको छ ।

### *ग) जिल्लास्तरीय अभिमुखीकरण*

ग्रामीण नमुना कृषको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत सुआहारा कार्यक्रमका फिल्ड सुपरभाइजर, कृषि प्राविधिक सहायक (ATA) तथा सुआहारा कार्यक्रमका जिल्लास्तरीय अन्य सरोकारवालाहरूलाई जानकारी दिने उद्देश्यले यस अवधिमा १० जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । यस अवधिमा सिन्धुपाल्चोक, सोलुखुम्बु, नुवाकोट, गोरखा, म्याग्दी, वाग्लुङ्ग, रुपन्देही, नवलपरासी, लमजुङ्ग तथा स्याङ्जा जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण सम्पन्न गरिएको हो ।

### *घ) ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्धि तालिम*

सुआहारा कार्यक्रम अन्तर्गत यस अवधिमा ३५ वटा समुदाय स्तरका तालिमहरू सम्पन्न गरियो । जसमध्ये सिन्धुपाल्चोक, सोलुखुम्वु, म्याग्दी र वाग्लुङ्गमा योजना गरिएका सवै १२ वटा तालिमहरू सम्पन्न गरियो भने मंसिर मसान्तसम्ममा नुवाकोट, गोरखा, रुपन्देही, नवलपरासी, लमजुङ्ग तथा स्याङ्जामा २३ वटा तालिमहरू सम्पन्न भइसकेका छन् भने उक्त जिल्लाहरूमा बाँकी २१ वटा तालिमहरू सञ्चालन भइरहेका छन् । तालिमको लागि हाल २० जना सहजकर्ताहरू जिल्लाहरूमा परिचालित रहनुभएको छ । अब पर्वत, डोटी, डडेलधुरा, अछाम र बैतडी जिल्लामा तालिम सुरुवात हुन बाँकी रहेको छ ।

⌘ ⌘

## हार्दिक बधाई

विजय विकास स्रोत केन्द्रले केन्द्रिय कार्यालयको कार्यक्रम अधिकृतमा गैडाकोट-८ निवासी **श्री श्याम ज्ञवाली**, सञ्चार कार्यक्रमको कार्यक्रम संयोजकमा कावासोती-१४ नवलपरासी निवासी **श्री सुनिता चौधरी**, सूचना प्रविधि सहायकमा गैडाकोट-१ निवासी **श्री नारायण सिग्देल**, तालिम सहयोगीमा गैडाकोट-८ निवासी **श्री जीवन पौडेल** र कार्यालय सहयोगीमा गैडाकोट-८ निवासी **श्री सुजन पौडेल** नियुक्त गरेकोमा यहाँहरू सबैलाई हार्दिक स्वागत तथा बधाई ज्ञापन गर्दछौं ।

वसन्तराज लम्साल
अध्यक्ष एवम्
विजय विकास स्रोत केन्द्र परिवार



Scanned with CamScanner

# सञ्चार : नागरिकको सूचनाको हकमा पहुँचको लागि सार्वजनिक निकायको जवाफदेहिता अभिवृद्धि परियोजना



- सुनिता चौधरी
कार्यक्रम संयोजक

Governance Facility Nepal (GF) को सहयोग तथा सूचनाको हकका लागि नागरिक अभियान (CCRI) को सहकार्यमा सञ्चार: नागरिकको सूचनाको हकमा पहुँचको लागि सार्वजनिक निकायको जवाफदेहिता अभिवृद्धि परियोजना अन्तर्गत हालसम्ममा सञ्चालित कार्यक्रमहरू ।

**होडिङ्ग बोर्ड स्थापना**

सूचनाको अधिकार सम्बन्धी जानकारीमूलक होडिङ्ग बोर्डहरू नवलपरासी जिल्लाको जिल्ला प्रशासन र जिल्ला विकास समितिको परिसरमा र इलाका प्रशासन कार्यालय कावासोतीको कार्यालय भवन अगाडि टाँस गरिएको छ ।

**विभिन्न दिवसहरूमा कार्यक्रम**

अन्तर्राष्ट्रिय थाहा पाउने अधिकार दिवश (सेप्टेम्बर २८) मा चितवनको सदरमुकाम भरतपुरमा खुल्लारूपमा विविध कार्यक्रमहरू सञ्चालन गरियो । राष्ट्रिय सूचना दिवसको अवसरमा भाद्र ४ गते नवलपरासी जिल्लाको कावासोती स्थित इलाका कार्यालयहरूका प्रतिनिधि तथा नागरिक समाजको बीचमा सूचनाको हक कार्यान्वयनको ७ वर्ष विषयक समीक्षात्मक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

**नियमित रेडियो कार्यक्रम**

विजय एफ.एम.१०१.६ बाट सूचनाको हकको सन्देशमूलक सूचना नियमित रूपमा प्रसारण गरिदै आएको छ भने सूचनाको हक सम्बन्धी रेडियो कार्यक्रम हरेक आइतवार विहान ८ वजेदेखि ८.१५ सम्म नियमित रूपमा प्रसारण हुँदै आएको छ ।

**सूचनाको हक सम्बन्धी अभिमुखीकरण**

सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम युवा समूह, महिला समूह, विद्यार्थी, अपांगता भएका व्यक्ति र उनीहरूका सरोकारवाला संस्थाहरू तथा सेवाग्राहीहरूलाई लक्षित गरी गैडाकोट, देवचुली, कावासोती, बर्दघाट, चितवनमा आयोजना गरिएको थियो । सोही कार्यक्रम सहभागीहरू बीच सूचनाको हक सम्बन्धी सञ्जाल गठन गरी हरेक महिना सञ्जालको बैठक समेत बस्ने गरिएको छ ।

**साझेदार संस्थाहरूको बैठक**

नागरिकको सूचनाको हकमा पहुँचका लागि सार्वजनिक निकायमा जवाफदेहिता अभिवृद्धि "सञ्चार" परियोजना अर्न्तगत साझेदार संस्थाहरूको बैठकमा विभिन्न १८ जिल्लाका ३५ जनाको सहभागिता रहेको थियो ।

⌘ ⌘

---

## तेस्रो पक्षीय अनुगमन ...

सेवाग्राही भन्नाले सम्बन्धित निकायमा सेवा लिन जाने मानिसहरूलाई बुझाउँछ । सामाजिक जवाफदेहिता भन्नाले राज्य वा राज्यका निकायले वा सेवाप्रदायक सम्बन्धित निकायले प्रदान गर्ने सेवा वा सुविधा उपर सेवाग्राही वा सर्वसाधारण जनताप्रति जिम्मेवारी स्वीकार गर्ने, गुणस्तरीय सेवा प्रदान गर्नु मेरो दायित्व हो भनेर प्रतिवद्धताका साथ लाग्ने इच्छा शक्ति हुनु हो । तर सामाजिक जवाफदेहिता परम्परागत आन्तरिक जवाफदेहिताको विकल्प होइन यसले आन्तरिक जवाफदेहिताको प्रभावकारिता प्रवर्द्धनमा जोड दिन्छ । नागरिक अधिकार र दायित्वको बारेमा सचेतीकरण गराउँछ । सामाजिक जवाफदेहिता अन्तर्गत तेस्रो पक्ष अनुगमनले माथि उल्लेखित कुराहरूलाई अभिवृद्धि गर्न र जवाफदेही बनाउन सकारात्मक भूमिका खेल्दछ । यसले सामाजिक जवाफदेहिताका विभिन्न प्रचलित विधिहरू माथि सूचकका आधारमा अनुगमन गर्ने काम गर्दछ ।

सामाजिक जवाफदेहिताका विभिन्न प्रचलित विधिहरू छन् जुन निम्नप्रकार छन् :

१. स्व: नियमन - विविध नीति नियम तथा निर्देशिका, आचार संहिता, सम्पत्ती विवरणको घोषणा आदि

२. सामुदायिक सहभागिता - सहभागितामूलक योजना तथा बजेट तर्जुमा, नागरिक वा सामुदायिक अनुगमन, उजुरी पेटिका वा रजिष्टर, सामुदायिक शिक्षा शिविर, हट लाइन, प्रत्यक्ष संवाद (हेलो सरकार)

३. सूचना प्रकाशन तथा प्रवाह - नागरिक बडापत्र, होडिङ्ग बोर्ड, सूचना पाटी, रेडियो, पत्रपत्रिका, वेबसाइडको प्रयोग, सूचनाको हक सम्बन्धी ऐनको परिपालना, वार्षिक योजना/प्रतिवेदन प्रकाशन

४. कार्य सम्पादन मूल्यांकन - न्यूनतम् सर्त तथा कार्य सम्पादन मूल्यांकन, नागरिक प्रतिवेदन पत्र, सामुदायिक अङ्क तालिका, तेस्रो पक्ष अनुगमन

५. लेखा परीक्षण - सामाजिक लेखा परीक्षण, सार्वजनिक लेखा परीक्षण, वित्तीय परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक समीक्षा, लैङ्गिक लेखा परीक्षण, सार्वजनिक आय तथा खर्च अनुमान ।

⌘ ⌘



Scanned with CamScanner



# साक्षरता कार्यक्रम

*हरि प्रसाद आचार्य*
साक्षरता कार्यक्रम संयोजक

## कार्यक्रमको परिचय

चितवन र नवलपरासी जिल्लामा विजय विकास स्रोत केन्द्र र रुम टु रिडको साझेदारीमा सन् २००७ देखि साझेदारमा विद्यालय पुस्तकालय कार्यक्रम सञ्चालनमा रहेको छ । हालसम्म यी जिल्लामा जम्मा ४०५ (नवलपरासी ३०४ र चितवन १०१) विद्यालयमा पुस्तकालय स्थापना कार्य भइसहेको छ । सन् २०१४ मा जिल्ला शिक्षा कार्यालय नवलपरासीसँगको समन्वयमा थप १५ वटा गरी जम्मा १५२ वटा विद्यालयमा साक्षरता कार्यक्रम सञ्चालनमा रहेको छ भने त्यसभित्रमा २० वटा विद्यालयमा पठन तथा लेखन शिक्षण कार्यकम सञ्चालन छ । यस अन्तर्गत निम्नलिखित क्रियाकलापहरू सञ्चालन गरिएको छ ।

***१. पढाइ गतिविधि तालिम*** (HOR -II Training):

भाद्र महिनामा, सन् २०१४ मा स्थापना भएका (Phase-I) १५ वटा विद्यालयका ७५ जना शिक्षकहरूलाई पुस्तकालयहरूको दोस्रो चरणको तालिम पढाइ गतिविधि तालिम (HOR-2) विभिन्न स्थानमा गरी सम्पन्न गरिएको छ ।

***२. पढ्ने बानी तालिम-३*** (HOR-3 Training):

भाद्र र आश्विनमा सन् २०१२ मा स्थापना भएका (Phase-III) ४५ वटा विद्यालयका २१३ जना शिक्षकहरूलाई पुस्तकालयको तेस्रो चरणको तालिम पुस्तकालय व्यवस्थापन तथा पढाइ गतिविधि पुनर्ताजगी तालिम (HOR-3) विभिन्न स्थान र मितिमा सम्पन्न गरिएको छ । यस तालिममा Sept. RR, Sept. comb, CL & CRR पुस्तकालयका ५/५ जना शिक्षकले पुनर्ताजगी तालिमबाट लाभान्वित भएका थिए ।

***३. अभिभावक भेलाः***

सन् २०१२, २०१३ र २०१४ मा सञ्चालित विद्यालय पुस्तकालयमा हरेक ३/३ महिनामा गरिने अभिभावक भेलामा ९५ वटा विद्यालयमा हरेक चरणमा Budgetary र Non Budgetary गरी ३३४ वटा अभिभावक भेला कार्यक्रम सम्पन्न भएका छन् । त्यसै गरी पठन तथा लेखन कार्यकम संचालन भएका २० वटा विद्यालयमा पनि २-२ महिनामा अभिभावकहरूसँग छलफल गरिएको थियो ।

***४ हस्तान्तरण कार्यक्रम :***

गत कार्तिक र मंसिर मा सन् २०११ मा स्थापित ४७ वटा विद्यालयहरूको पुस्तकालय विद्यालय स्तरमा हस्तान्तरण गरियो । जिल्ला शिक्षा कार्यालयका प्रमुख र अन्य प्रतिनिधि, VDRC का प्रतिनिधि, RTR का प्रतिनिधिको उपस्थितिमा विद्यालय परिवारको सहभागितामा ३ वर्षे पुस्तकालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा प्रतिबद्धता जनाउँदै कार्यक्रम सम्पन्न गरियो ।

***५. पुस्तकालय दिवसः***

विद्यालय तथा समुदायस्तरमा पुस्तकालयको महत्वबारे जानकारी दिन सदा झैं यस वर्ष पनि कार्यक्रमले पुस्तकालय दिवस भव्य रूपमा सम्पन्न गरेको थियो । सो सन्दर्भमा भाद्र १४ र १५ गते जिल्लामा पुस्तकालय सञ्चालन भएका सम्पूर्ण विद्यालयहरू विविध कार्यक्रमसहित पुस्तक अध्ययन कार्यक्रम सम्पन्न भएको थियो ।

***६. अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय शिक्षा दिवस***

यस वर्षको साक्षरता दिवस मनाउने सन्दर्भमा जिल्ला शिक्षा कार्यालयसँगको समन्वयमा जिल्लाको मध्ये क्षेत्रको नमूनाको रूपमा रहेको कावासोती नजिकको शिव उ.मा.वि. शिवमन्दिरमा जिल्लास्तरका संघ संस्थाहरूको सहभागितामा विविध साक्षरता र्‍यालीसहितका शैक्षिक गतिविधि (वक्तृत्वकला, पठन प्रतिस्पर्धा, चित्र छलफल तथा व्याख्या, हाजिरीजवाफ प्रतियोगिता, शैक्षिक गीत एवम् चेतनामूलक नृत्यका साथै विभिन्न संघ संस्थाहरूलाई पुरस्कृत एवम् जिल्लाका सरोकारवालाहरू विद्यार्थी, शिक्षक, अभिभावक, वि.व्य.स.अध्यक्ष समेतलाई पुरस्कृत) सञ्चालन गरी मनाइएको थियो भने सोही दिवशको अवसर अन्य अधिकांश स्थानमा विद्यालयस्तरमा कार्यक्रमहरू सञ्चालन गरी शिक्षा दिवश मनाइएको थियो ।

साथै जिल्लास्तरको कार्यक्रमको अवस पारेर विजय विकास स्रोत केन्द्र गत वर्षहरूमा जस्तै यस वर्ष पनि पुस्तकालयको राम्रो व्यवस्थान, पहुँच, प्रयोग आदि विषयहरूमा २० वटा सुचकहरूमा आधार मानि ३ जना उत्कृष्ट ग्रन्थपाल शिक्षक र ३ वटा उत्कृष्ट विद्यालयलाई पनि पुरस्कार प्रदान परिएको थियो ।

***८. कार्यक्रमको संयुक्त अनुगमनः***

कार्यक्रम सञ्चालनको प्रक्रिया अवस्था विश्लेषणको साथै कार्यक्रमसँग सम्बन्धित कुराहरूको वा सूचनाहरूको जानकारी, सल्लाह, सुझाव, सहयोग, अनुगमन जस्ता कुराहरूमा सम्बन्धित सरोकारवालाहरू र सहयोगी संस्थाहरूसँगको सामुहिक छलफल तथा अनुगमन कार्य हरेकवर्ष गर्ने गरिए अनुरूप यस वर्ष पनि १ पटक सम्पन्न गरियो । उक्त अवसरमा भ्रमण गरिएका विद्यालयहरू निम्नानुसार थिए:

१. श्री बाबा बर्दगोरिया प्रा.वि., रामनगर केउरानी

२. श्री जगन्नाथ उ.मा.वि., रामनगर भुमही

३. श्री धान्यान्चल मा.वि, बडेरा

४ श्री सुनवल नि.मा.वि., बनाह सुनवल




Scanned with CamScanner

९. **जिल्ला शिक्षा कार्यालयसँगको बैठक:**
कार्यक्रम सञ्चालनका क्रममा जिल्ला शिक्षा कार्यालय नवलपरासीसँग निकटतम सहकार्य रहँदै आएको छ । विद्यालय छनौटदेखि हस्तान्तरणसम्मका सम्पूर्ण गतिविधि सञ्चालन गर्दा जिल्ला शिक्षा कार्यालयँग समन्वय र आवश्यकता अनुसार छलफल बैठकहरू समेत सञ्चालन हुने गरेको छ । यस वर्ष पनि नयाँ विद्यालय छनौटदेखि तालिम सञ्चालन, अनुगमन, अवलोकन लगायत पुस्तकालयको दिगो सञ्चालनका लागि जिल्ला शिक्षा कार्यालयको उत्प्रेरण मूलक सहयोग गर्दै आइरहेको छ । सोही क्रममा यस वर्ष औपचारिक रूपमा २ पटक अगाडि फाल्गुन २ गते र कार्तिक २ गते एवम् अनौपचारिक रूपमा विभिन्न समयमा बैठकहरू सञ्चालन भएको थियो ।

१०. **शिक्षकहरूको अन्तरविद्यालयस्तरीय भ्रमण तथा घुम्ती बैठक :**
कार्यक्रमसँग सम्बन्धित शिक्षकहरूको आवश्यकता अनुसार क्षेत्रगत रूपमा (कावासोती, अरुणखोला, पञ्चनगर, सुनवल) सम्बन्धित क्षेत्रका कक्षा १ र २ का भाषा शिक्षकहरूको भेला गराई सम्बन्धित विद्यालयको शिक्षकले नमूना कक्षा प्रदर्शन गर्ने र त्यसको राम्रो पक्ष, सुधार गर्नु पर्ने पक्षमा छलफल गर्नुका साथै आ-आफ्नो विद्यालयमा भए गरेका राम्रा अभ्यासका साथै अवस्थाको अनुभव आदान-प्रदान गर्ने कार्य गरी शिक्षकहरूको घुम्ती बैठक सञ्चालन गरिएको थियो । साथै अन्य २०१२,२०१३ र २०१४ का ९५ वटा विद्यालयका प्रा.वि. तहका ५ ५ जना शिक्षकहरूलाई पनि अन्तर विद्यालय स्तरमा जिल्लाभित्र भ्रमण गराइएको थियो ।

११. **शिक्षकहरूको पेशागत क्षमता विकास :**
यस वर्ष पठन तथा लेखन शिक्षण कार्यक्रम लागू भएका २० वटा विद्यालयका कक्षा १ र २ का ४० जना भाषा शिक्षकहरूलाई शैक्षिक सत्रको सुरुमा पहिलो चरणको भाग १ को तालिम सञ्चालन गरिएको थियो भने हालै मात्र विजय विकास स्रोत केन्द्रको सभाहलमा ३ र ३ दिनको कक्षा १ र कक्षा २ का लागि दोस्रो चरणको भाग २ पेशागत क्षमता विकास आधारभूत तालिमको आयोजना गरिएको थियो ।

१२. **विद्यालय भ्रमणमा VDRC का पदाधिकारीहरु :**



साक्षरता कार्यक्रम सञ्चालन भएका विद्यालय तथा त्यस अन्तर्गत गरिने विभिन्न कार्यक्रमको सञ्चालन प्रक्रिया कार्यक्रम रहेका कर्मचारीहरूको विद्यालयमा के-कस्तो सम्बन्ध कायम छ भ्रमणका के-कसरी सहयोग भै रहेको छ भन्ने जस्ता विषयको अध्ययन गर्नको लागि संस्थाको तर्फबाट संस्थाका अध्यक्ष, सल्लाहकार संयोजक, कार्यकारी निर्देशक, सञ्चालन निर्देशक, वरिष्ठ कार्यक्रम अधिकृत, लेखा अधिकृत एवम् सदस्यहरूको हालसम्म १५ वटा भ्रमण सम्पन्न भएको छ ।

⌘ ⌘

## हार्दिक बधाई

विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. को १४ औं साधारण सभा तथा ५ औं अधिवेशनबाट सञ्चालक समितिको अध्यक्ष पदमा श्री माधवप्रसाद पौडेल, उपाध्यक्ष श्री विष्णु कँडेल सापकोटा, सचिव श्री टिकाराम कँडेल, कोषाध्यक्ष श्री प्रेमप्रसाद सापकोटा र सह-सचिव श्री युवराज सापकोटा र सदस्यहरुमा श्री गोपीनाथ खरेल, श्री खेमराज सापकोटा, श्री रघुनाथ कँडेल, श्री वेदप्रसाद गौडेल, श्री शालिकराम घिमिरे र श्री निवास पौडेल साथै लेखा तथा सुपरिवेक्षण समितिको संयोजकमा श्री नारायण सापकोटा र सदस्यहरुमा श्री लक्ष्मण काडेल र श्री मायादेवी सापकोटा सर्वसम्मत चयन हुनु भएकोमा यहाँहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभ-कामना व्यक्त गर्दछौं ।

*वसन्तराज लम्साल*
अध्यक्ष एवम्
**विजय विकास स्रोत केन्द्र परिवार**

## हार्दिक बधाई

विजय विकास स्रोत केन्द्रको कार्य समितिभित्र रहेर पुऱ्याउनु भएको योगदानको कदर गर्दै २०७०/०७१ कार्यवर्षको वर्ष व्यक्तित्वको रूपमा **श्री लक्ष्मी कँडेल (गौतम)** ले *'विजय वर्ष व्यक्तित्व'* पुरस्कार, सदस्यका रूपमा रहनु भई स्वयंसेवी रूपमा संस्थागत विकासमा दिनु भएको योगदानको कदर स्वरूप **श्री हरिप्रसाद सापकोटाले** *'विजय उत्कृष्ट योगदान'* पुरस्कार र कर्मचारीका रूपमा रहनु भई संस्थागत विकासमा दिनु भएको योगदानको कदर गर्दै **श्री हरिप्रसाद आचार्यले** *"विजय उत्कृष्ट योगदान"* पुरस्कार प्राप्त गर्न सफल हुनु भएकोमा यहाँहरू सबैलाई हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

*वसन्तराज लम्साल*
अध्यक्ष एवम्
**विजय विकास स्रोत केन्द्र परिवार**



Scanned with CamScanner

# म त बल्ल पो असल शिक्षक बने

विष्णु भट्टराई
शिक्षक, बाबा बर्दगोरिया प्रा.वि, रामनगर, केरवानी

मिति २०५६ साल चैत्रदेखि बालबालिकाहरूलाई पढाउने ठूलो रहर अझै भनौं भने शिक्षक बन्ने ठूलो रहर बोकेर श्री बाबा बर्दगोरिया प्रा.वि.मा प्रवेश गरेकी थिएँ । म भन्दा अग्रज सरहरूले कसरी शिक्षण गर्नुहुन्छ एक दुई दिन हेर्छु अनि बल्ल राम्रोसँग पढाउन सुरु गर्छु भन्ने सोचेर उहाँहरूले पढाएको हेरें । उहाँहरूले पिटेर, डर देखाएर र गाली गरेर पढाउनु हुन्थ्यो र मैले पनि त्यही सबैले शिक्षण गर्ने राम्रो पद्धति सिकें । दिनहरू वित्दै गए पिट्दा र डर देखाउँदा कहिलेकाँही विद्यार्थीहरू विद्यालय नै नआउने गर्थे भने कहिले अभिभावकहरू नै विद्यालयमा आएर कराउने गर्थे । कहिले अभिभावकहरू घरमै गएर पनि कराउने गर्थे र भन्ने गर्थे "मैले मेरो बच्चा पिट्नको लागि विद्यालय पठाएको होइन ।"

जति धेरै रहर थियो त्यति धेरै चुनौतीहरू पनि थपिदै आए । नपिटे बालबालिकाले नपढ्ने, पिटे विद्यालय नै नआउने । यो मेरो चिन्ताको विषयनै बन्न थाल्यो । अर्को तरिका अपनाएर पढाउन ममा कुनै सामर्थ्य थिएन । सेवाकालीन तथा पूर्व सेवाकालीन तालिमहरू पनि लिएकी थिएँ त्यहाँ पनि बालबालिकालाई दण्ड रहित तरिकाबाट शिक्षा कसरी दिने भन्ने कुनै आवाज उठ्दैनथ्यो । मेरो चिन्ताको विषयले कतैबाट पनि समाधानको निकास भने पाउन सकेन । लाग्थ्यो कहिले काँही त यस्तो औजस्याहा जागिर खानुभन्दा नखानु नै बेस । यसै बीचमा २०६८ सालमा VDRC/Room to Read द्वारा पुस्तकालय कार्यक्रम आयो । यस कार्यक्रम सँगसँगै कक्षा १ का लागि नेपाली भाषा पठन सीप भन्ने कार्यक्रम पनि VDRC ले हाम्रो विद्यालयमा सञ्चालन गर्नको लागि सम्झौता भयो । त्यसपश्चात् विभिन्न तालिमहरूमा सहभागी भएँ ।

शिक्षण गर्ने तरिकाहरू त निकै मन पऱ्यो तर त्यस सँगसँगै चुनौतीहरू भने निकै नै आए । सहजकर्ताहरू प्रत्येक हप्ता-हप्तामा विद्यालय आउनु हुन्थ्यो । शिक्षणमा कहाँनेर अप्ठ्यारो परेको छ भनेर तत्काल छलफल गरी समस्याको समाधान निकाल्ने गरिन्थ्यो । शिक्षण सामग्रीहरू निर्माण र प्रयोगमा पनि निकै ध्यान दिएकी थिएँ मैले । तर बच्चाहरूलाई संस्कृतिको विकास गर्न भने कठिनाइ भएको थियो । बनाएका शिक्षण सामग्रीहरू केही समयपछि च्यातिदिने गर्थे । बालबालिकाहरूपनि लट्ठीको प्रयोग नगर्दा टेर्न छाडे भन्ने गुनासो शिक्षक तथा अभिभावकहरूबाट नै सुन्न थालें भने उता अभिभावकहरूबाट पनि गृहकार्य र कक्षा कार्य केही पनि भएन भन्ने गुनासो चारैतिर गुञ्जिन थाल्यो । शिक्षकहरूले दिनभरि के गरेर बस्छन् ? कक्षा कार्य पनि गराउँदैनन्, गृहकार्य पनि दिँदैनन् खाली पुस्तकालयको किताब मात्र बोकाएर पठाउँछन् । घरमा खाली पढ्न भन्दा पुस्तकालयको किताब मात्र पढ्ने आफ्नो कक्षाका पाठ्य-पुस्तकहरू पढ्न नमान्ने भन्ने जस्ता गुनासाहरूले हामीलाई दाँतमै ढुंगा लागेजस्तो हुन्थ्यो । कहिले कहिँ त कार्यक्रम किन ल्याइयो होला जस्तो पनि लाग्थ्यो । पटक पटकको घुम्ती बैठकमा यस्ता समस्याहरू भए । कामहरू गर्दै सहजकर्ता साथीहरूको सहयोगबाट समस्याका समाधानहरूका लागि निरन्तर प्रयास गर्न थालियो । कक्षामा सधैं जसो नयाँ-नयाँ कथाहरू भन्ने गरे र छलफल गराएँ । समूह विभाजन गरी प्रत्येक समूहलाई एक/एकवटा कामको जिम्मा दिने गर्थें । यसले गर्दा पनि यो कक्षा कोठा हाम्रो हो । यहाँका सामग्रीहरू हाम्रा हुन् भन्ने भावनाको विकास भएको पाएँ । सुरु-सुरुमा अभिभावक भेला गरी विद्यार्थीले विद्यालयमा लेखेको अभ्यास पुस्तिका देखाउने गर्थे तर पछि-पछि मैले प्रत्येक शुक्रबार बालबालिका झोलामा अभ्यास पुस्तिका राखेर बाबा-आमालाई देखाएर लेऊ भनेर पठाउन थालें । यसले गर्दा कक्षा कार्य र गृहकार्यको गुनासो आउन छोड्यो । नजान्ने बालबालिकाहरूलाई जान्ने साथीसँग राखेर हुन्छ कि म आफैसँग राखेर हुन्छ मैले उनीहरूको सिकाइ स्तर वृद्धि गर्न प्रयास गरिरहें र यसमा सफलता पनि विस्तारै हासिल गरिरहें मैले । आफ्नो खाली समयलाई शैक्षिक सामग्री निर्माण गर्नमा नै बिताउने गर्थें । मैले पढाउने पाठहरूको योजनासहित कक्षामा प्रवेश गर्छु । बच्चाहरूसँग म यति नजिक भएछु कि मलाई बच्चाहरूको सिकाइ उपलब्धि कहाँ नेर छ, कसलाई कहाँबाट सहयोग गर्दा सहजै सिक्न सक्छन् भन्ने कुराको ख्याल गर्दै सिकाइ प्रक्रिया सञ्चालन गरे साच्चिकै यसले त राम्रो नतिजा पो ल्यायो त ! बच्चाहरूको सिकाइ स्तर पनि सोचेको भन्दा पनि बढ्दै गयो, जसले गर्दा शैक्षिक वर्ष २०६९ मा जिल्ला भरीमा पठन सीप लागू भएका ४० वटा विद्यालयहरूमा उत्कृष्ट स्थानमा पर्न सफल भयो हाम्रो विद्यालय । विद्यार्थीहरूको बढ्दो सिकाइ उपलब्धि र मेरो मेहनतको कदर गर्दै शैक्षिक वर्ष २०६९ मा विद्यालयले मलाई सम्मान पत्र प्रदान गरेको छ । जुन मेरो लागि एकदमै महत्वपूर्ण कुरा हो । जसले मलाई शिक्षण पेशामा थप उर्जा प्रदान गरेको छ । अहिले त अभिभावकले बाटोमा भेट्दा पनि आफ्नो बच्चाले सरसर्ती पढ्न सकेको र घरमा पनि पढाइमा निकै ध्यान दिने गरेको कुरा व्यक्त गर्नुहुन्छ । जसले मलाई शिक्षण गर्नको लागि थप प्रेरणा मिलेको छ । अहिले त बालबालिकामा असल संस्कृति विकास भएको छ । हाम्रो कक्षाको कामहरू सरासर गर्न थालेका छन् । मलाई विद्यार्थीलाई सिकाउने वातावरणमा कुनै समस्या आएको छैन । गाउँ घरमा देखे सुनेका कुराहरू पालैपालो समाचारका रूपमा भन्न लागेका छन् । मलाई अझै पनि याद आउछ कक्षा २ मा पढ्ने गोपाल नाम गरेका बालकका बुवा (अभिभावक)ले घरैमा गएर कराएको । ति दिनहरू सम्झदा मलाई कता-कता हाँसो पनि लाग्छ र लाज पनि लाग्छ ।

विशेष गरी रुम टु रिड, विजय विकास स्रोत केन्द्र तथा विद्यालय परिवारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । जसले मलाई बल्ल एउटा असल शिक्षक बन्ने सीप सिकाई एउटा प्रिय तथा योग्य शिक्षक बन्ने अवसर प्रदान गऱ्यो ।

⌘ ⌘



Scanned with CamScanner

# विजय परिवार
(Vijaya Group of Institutions)

VGI

### १. अवधारणा :

विजय विकास स्रोत केन्द्र (स्थापित २०३६) नेपालको गैरसरकारी सामाजिक विकास संस्थाहरू बीच सुपरिचित नाम हो । समुदायको आवश्यकताले जन्माएको यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै समाजमा सकारात्मक आर्थिक सामाजिक रुपान्तरणका लागि काम गरिरहेको छ । साढे तीनदशक लामो विकास यात्रामा संस्थाले सामाजिक परिचालन मार्फत स्वस्थ, सरसफाइ, खानेपानी, युवा परिचालन, आय-आर्जन, सशक्तीकरण र सामाजिक उत्तरदायित्वका क्षेत्रमा काम गरिरहेको छ । स्थानीय स्रोत र जनसहभागिता बिना विकासले दिगो स्वरुप लिन सक्दैन भन्ने यसको सिकाइ छ । तसर्थ हामीसँग छरिएर रहेको ज्ञान, सीप, श्रम र आर्थिक स्रोतलाई उपयोग गर्दै विभिन्न प्रकारका उदाहरणीय संस्थाहरूको प्रवर्द्धन गर्ने र समुदायलाई आत्मनिर्भरतातर्फ उन्मुख बनाउने अभियानमा यस संस्था संलग्न सदस्यहरूको ध्यान केन्द्रित भएको छ । फलस्वरूप सहकारी, सहकारी विद्यालय, सहकारी माध्यमबाट सञ्चार संस्था र वृहत् क्षेत्रलाई समेटेर गरिबीको रेखामुनि रहेका जनतालाई सेवा गर्न लघुवित्त संस्थाहरूको प्रबर्द्धन गरिएको छ ।

यस क्रममा २०४८ सालमा बचत तथा ऋण कार्यक्रमको नयाँ अवधारणा सहित विकू बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भयो । यसरी नै सञ्चार क्षेत्रमा नयाँ आयाम थप्दै २०५७ सालमा विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. (विजय एफ.एम.१०१.६) को स्थापना भयो । शिक्षा क्षेत्रमा काम गर्ने उद्देश्यले २०५८ सालमा विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. र पछिल्लो समयमा २०६९ मा यस संस्थाको पहलमा विजय लघुवित्त वित्तीय संस्थाको स्थापना भयो । विजय विकास स्रोत केन्द्र र यसद्वारा प्रवर्द्धित संस्थाहरूलाई एउटै छातामुनि राख्ने उद्देश्यले विजय परिवार (Vijaya Group of Institutions-VGI) को अवधारणा ल्याइएको हो । विभिन्न कार्यक्रमसहित यो अनौपचारिक संस्था २०७० सालदेखि कार्यरत छ ।

### २) विजय परिवारका सदस्य संस्थाहरू:

१. विजय विकास स्रोत केन्द्र, गैंडाकोट-८, नवलपरासी
२. विकू बचत तथा ऋण सहकारी संस्था लि., गैंडाकोट-८, नवलपरासी, प्रतिव्यक्ति प्रतिदिन ५० पैसा सङ्कलन गर्ने अभियानबाट सुरुवात भएको यो संस्था हाल करिब १५,००० सदस्यसहित वार्षिक झण्डै १ अरबको आर्थिक कारोबार गर्दछ ।
३. विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. (विजय एफ.एम.१०१.६) गैंडाकोट-८, नवलपरासी, समुदायको व्यापक सहभागितामा सञ्चार माध्यम सञ्चालन गर्ने उद्देश्यले स्थापित यस संस्थाले विगत ११ वर्षदेखि सामुदायिक रेडियो विजय एफ.एम.१०१.६ सञ्चालन गरिरहेको छ ।
४. विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. (विजय सामुदायिक शिक्षा सदन) गैंडाकोट-५, नवलपरासी, शिक्षा क्षेत्रमा नयाँ आयाम थप्दै सहकारीको माध्यमबाट सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको यस शैक्षिक संस्थामा हाल नर्सरीदेखि १२ कक्षासम्म करिब १२५० जना विद्यार्थीहरू अध्ययनरत छन् ।
५. विजय लघुवित्त वित्तीय संस्था लि., रजहर-१, नवलपरासी गरिबीको रेखामुनी रहेका जनताको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले स्थापित यस संस्था नेपाल राष्ट्रबैंकबाट राष्ट्रिय स्तरको इजाजत प्राप्त लघुवित्त संस्था हो । कुल जारी पुँजी १४ करोड रहेको यस संस्थाका दुई सङ्गठित संस्थासहित १८६ जना संस्थापक शेयर सदस्य छन् ।

### ३) विजय परिवारको उद्देश्य :

१. दिगो र स्वावलम्बी विकास प्रवर्द्धका लागि सदस्य संस्थाहरूको आन्तरिक क्षमता अभिवृद्धि गर्ने ।
२. सदस्य संस्थाहरूले एकीकृत रूपमा समुदायका लागि सेवा प्रदान गर्ने ।
३. संस्थागत सञ्जालको माध्यमबाट सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।
४. संस्था-संस्था बीच सु-सम्बन्धको विकास गरी एकताको भावना अभिवृद्धि गर्ने ।

### ४) विजय परिवारको संस्थागत संरचना :

यस संस्थाको प्रत्येक सदस्य संस्थाका अध्यक्षहरू रहेको एक पाँच सदस्यीय कार्य समितिले यसका सम्पूर्ण क्रियाकलाप सञ्चालन गर्दछ । विजय विकास स्रोत केन्द्रको अध्यक्ष यस संस्थाको पदेन संयोजक हुने व्यवस्था गरिएको छ ।

### ५) मुख्य कार्यहरु :

१. समितिको नियमित बैठक गर्ने र सदस्य संस्था बीच सूचनाको आदान-प्रदान गर्ने ।
२. आवश्यकता अनुसार साझा कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. सदस्य संस्थाहरूका कार्यक्रमहरूको प्रचार-प्रसार गर्ने ।
४. सदस्य संस्थाहरूको कार्य सम्पदानमा आवश्यक सहयोग गर्ने ।
५. संस्थाको Visibility वृद्धि गर्न आवश्यक सामग्री तयार गर्ने ।

⌘ ⌘

## शोक समवेदना

विजय विकास स्रोत केन्द्रद्वारा सञ्चालित जवाफदेहिता प्रबर्द्धनका लागि अनुगमन कार्यक्रमका टिम लिडर डा. **सुवर्णमान प्रधानज्यूका** पुजनीय पिता ***हरिहरमान प्रधानको*** मिति २०७१/७/५ गते ९१ वर्षको उमेरमा भएको दुःखद निधनले हामी मर्माहत भएका छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक शोक समवेदना व्यक्त गर्दछौं ।

वसन्तराज लम्साल
अध्यक्ष एवम्
विजय विकास स्रोत केन्द्र परिवार

विजय विकास स्रोत केन्द्रद्वारा व्यवस्थापन गरिएको

# चेतना सदन (तालिम केन्द्र)

## Chetana Sadan (Training Center)









### तालिमका लागि सेवा/सुविधा तथा जानकारीहरू

- वातानुकूलित आरामदायी र सुविधायुक्त तालिम हल ।
- ७० जनासम्मलाई एकैपटकमा खान, बस्न र तालिमको सुविधा ।
- तालिमका लागि मल्टिमिडिया, अडियो, भिडियो तथा स्टेशनरी सामग्रीहरुको उपलब्धता ।
- फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर, फोटोकपी तथा यातायातका साधनसमेतको व्यवस्था ।
- विभिन्न विषयका सुयोग्य, दक्ष र अनुभवी स्रोतव्यक्तिहरुको उपलब्धता ।
- तालिम अवधिमा लोड सेडिङको समस्याबाट मुक्ति, जेनेरेटरको सुविधा ।
- स्वच्छ र सफा खानेपानी तथा स्वास्थ्यकर भोजनको व्यवस्था ।
- सुलभ दररेटमा यथेष्ट सुविधा, आफूले गरेको सहयोगले संस्थागत विकासमा योगदान पुग्ने ।
- टि. टि. बोर्ड तथा ब्याडमिन्टन खेल सुविधा ।
- अध्ययन अनुसन्धान केन्द्र, विविध विषयक अध्ययन सामग्रीयुक्त पुस्तकालय ।
- बचत, सञ्चार, शिक्षा सहकारीहरूको अध्ययन थलो ।

तपाईले तालिम सञ्चालनको लागि बुक गर्नुपर्ने भएमा निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**विजय विकास स्रोत केन्द्र**
गैंडाकोट-८, नवलपरासी
फोन नं. ०५६-५०११७२, ५०११००, ५०१४०२ फ्याक्स नं. ०५६-५०१४०१
इमल : vdrc@vdrc.org.np website: www.vdrc.org.np



Scanned with CamScanner